हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड (यस पछि "कम्पनी" भनिएको) नेपालमा स्थापित सिमित दायित्व भएको कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा रहेको छ । यो कम्पनी नेपाल धितोपत्र विनिमय वजार लिमिटेडमा सूचिकृत छ । यो कम्पनी नेपालमा निर्जिवन विमकको रुपमा कार्यरत छ ।

आर्थिक वर्ष २०६८ साल श्रावण १ गते देखि २०६९ साल आषाढ ३१ गतेसम्मको संलग्न वित्तिय विवरणहरु यस कम्पनीको संचालक समितिको मिति २०६९ साल मसिंर महिना २४ गतेको बैठकवाट पारित गरिएको छ ।

## (ख) वित्तिय विवरणहरु तयार गर्दा आधार मानिएका लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

### १. बित्तीय विवरण तयारीका आधारहरु

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको बित्तिय विवरणहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । यी विवरणहरु ऐतिहासिक मुल्य अवधारणाको आधारमा स्पष्ट रुपमा अन्यथा उल्लेख गरेकोमा बाहेक प्रोदभावी (Accrual) आधारमा लेखांकन गरी बीमा ऐन एवं नियमावली २०४९, बीमा समितिको निर्देशन, कम्पनी ऐन २०६३, नेपाल लेखामान तथा अन्य प्रचलित लेखामान, तथा सामान्यतः मान्य लेखाका सिद्धान्तहरुको अधिनमा रहि तयार गरिएका छन् ।

### २. स्थिर सम्पत्ति लेखाङ्कन नीति

स्थिर सम्पत्तिलाई सो को परल मूल्यमा संचित ह्रास कट्टा गरी देखाइएको छ। परल मूल्य निर्धारण गर्दा खरिद मूल्य तथा सो खरिदसंग लागेका सम्बन्धित प्रत्यक्ष खर्चहरु जोडी गरिएको छ ।

### ३. ह्रासकट्टी नीति

स्थिर सम्पत्तिहरुको ह्रास कट्टी आयकर ऐन, २०५८ अनुसार सवारी साधन, कार्यालय सामान (फर्निचर तथा फिक्स्चर्स, कम्प्यूटर तथा सूचना प्रविधी उपकरण) र भवनको क्रमशः २०, २५ र ५ प्रतिशतका दरले घट्दो ह्रास प्रणालीको आधारमा लेखाङ्कन गरिएको छ । सफ्टवेर सम्पत्तिमा भएको खर्चलाई ५ बर्षमा अपलेखन गर्नेगरी ह्रास कट्टी गरिएको छ ।

### ४. पूंजीकृत नगरिने सम्पत्तिहरु सम्बन्धी लेखाङ्कन नीति

रु. ५,००० सम्मका सामानहरुलाई पूंजीकृत नगरि खर्च लेख्ने गरिएको छ ।

### ५. आयकर व्यवस्था नीति

आयकर ऐन, २०५८ को अधिनमा रहि आयकर व्यवस्था गरिएको छ ।

कर योग्य आय तथा लेखामा देखिने आयको समय अन्तरालबाट हुने भिन्नतालाई स्थगन कर (Deferred Tax) मानी सोको व्यवस्था गरिएको छ । स्थगन कर सम्पत्ति (Deferred Tax Assets) पछि आर्जन हुने कर योग्य आयबाट उठ्न सक्ने प्रबल सम्भावना तथा एकिन नभएसम्म यस्ता सम्पत्तिलाई सम्पत्तिको रुपमा लेखांकन गर्ने गरिएको छैन ।

### ६. लगानी लेखाङ्कन नीति

लगानी लेखाङ्कनको सम्वन्धमा कम्पनीले वीमा समितिको निर्देशनको परिधि भित्र रहि देहाय वमोजिमको नीति अवलम्वन गरेको छ ।

(क) नेपाल सरकारको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्रमा वा पव्लिक लिमिटेड कम्पनीको वचतपत्र/ऋणपत्रमा गरिएको लगानीलाई अङ्कित मूल्य (Face Value) वा परल मूल्य मध्ये जुन घटी छ सोही मूल्यमा मूल्याङ्कन गरिएको छ ।

(ख) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य बढि भएमा त्यस्तो बढि रकमलाई स्थगन गरिएको खर्च (Deferred Expenditure) को रुपमा लेखाङ्कन गरी सो खर्चलाई त्यस्तो लगानीको अवधि भित्र समानुपातिक आधारमा (Prorata Basis) अपलेखन गर्ने गरिएको छ ।

(ग) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य कम भएमा त्यस्तो फरक रकमलाई लगानी अवधि भित्र समानुपातिक आधारमा लगानीबाट आयको रुपमा लेखाङ्कन गर्ने गरिएको छ ।

(घ) खण्ड (क) वमोजिमको बचत पत्र वा ऋणपत्रको लेखाङ्कन गरिएको मूल्य भन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकम बराबरको व्यवस्था (Provision) गर्ने गरिएको छ ।

(ङ) बैंक/वित्तीय संस्थाको मुद्दती निक्षेप वा नागरिक लगानी

कोषको लगानी योजनाहरुमा गरिएको लगानीलाई सांवा रकममा लेखाङ्कन गरिएको छ ।

तर त्यस्तो लगानीको म्याद समाप्ती पछि कुनै कारणवश तत्काल फिर्ता हुन नसक्ने अवस्था श्रृजना भएमा त्यस्तो लगानीलाई शतप्रतिशत व्यवस्था (Provision) गरिएको छ ।

(च) पब्लिक लिमिटेड कम्पनीको सूचिकृत शेयरमा गरिएको लगानीलाई परल मूल्यमा देखाउने र शेयरमा गरिएको लगानीको लेखाङ्कन गरिएको मूल्य भन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकम वरावर व्यवस्था (Provision) गर्ने नीति अवलम्वन गरिएको छ ।

(छ) पब्लिक लिमिटेड कम्पनीको संस्थापक शेयरमा लगानी गरिएको शेयर प्रचलित कानून बमोजिम धितोपत्र बजारमा सूचिकृत नभएमा देहाय वमोजिम गरिने नीति अवलम्वन गरिएको छ ।

(अ) शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन बर्षसम्म त्यस्तो लगानीलाई परल मूल्यमा मूल्याङ्कन गर्ने गरिएको छ ।

(आ) शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन वर्षपछि त्यस्तो लगानीलाई परल मूल्यमा देखाई सो लगानी बराबरको व्यवस्था गर्ने गरिएको छ ।

(ज) खण्ड (च) वमोजिम लगानी गरिएको शेयर प्रचलित कानून वमोजिम धितोपत्र बजारको सूचीबाट हटेमा (Delisted) सो लगानी बराबरको व्यवस्था गर्ने गरिएको छ ।

(झ) प्रचलित कानून बमोजिम कम्पनीको स्वामित्वमा नआएको वा नरहेको शेयर, बचतपत्र, ऋणपत्र वा अन्य सम्पत्तिलाई लगानीमा समावेश गरिएको छैन ।

## ७. सटही घटबढ समायोजन नीति

विदेशी मुद्रामा रहेको सम्पत्ति तथा दायित्वलाई बर्षान्तको विनिमय दरले रुपान्तर गरिएको छ । विदेशी मुद्रामा भएका कारोवारहरुको लेखांकन कारोवार मितिको विनिमय दरमा गरिएको छ । विनिमय दरबाट उत्पन्न फरकलाई नाफा नोक्सान हिसाब तथा आय व्यय हिसाबमा व्यवस्थापन खर्चको रुपमा लेखांकन गर्ने गरिएको छ ।

## ८. बीमाशुल्क आम्दानी लेखाङ्कन नीति

वीमाशुल्क नगद प्राप्तीको (Cash Basis) आधारमा लेखाङ्कन गरिएको छ । तर नगद प्राप्ति मितिभन्दा बीमाशुल्क भुक्तानी गर्नुपर्ने मिति पछि भएमा पछिल्लो मितिमा शुल्क आम्दानी जनाइएको छ । पुनर्बीमा स्वीकार गरिएको बीमाशुल्क आम्दानीलाई प्रोदभावी (Accural) आधारमा लेखाङ्कन गरिएको छ ।

## ९. पुनर्बीमा कमिशन आम्दानी लेखाङ्कन नीति

पुनर्बीमा कम्पनीबाट प्राप्त कमिशनलाई नगद प्राप्ती वा पुनर्बीमा कम्पनीबाट समर्थन प्राप्तीको आधारमा आम्दानी लेखाङ्कन गरिएको छ ।

## १०. अन्य आय लेखाङ्कन तथा वाँडफाँड नीति

बीमा समितिको निर्देशनको अधिनमा रहि लगानी, कर्जा तथा अन्यवाट भएको आयलाई सम्वन्धित वीमा व्यवसायको चालु आर्थिक वर्षमा सो वीमा कारोवार वाट भएको खूद वचतलाई त्यस वीमा व्यवसायको भार तथा कम्पनीको गत आषाढ मसान्तको नेट वर्थ (Net Worth) मा आर्थिक वर्षको सुरुको स्थगन कर जगेडा र अपलेखन गर्न वांकि लगानी प्रिमियमलाई घटाई नाफा नोक्सान हिसावको भार मानी सवै वीमा व्यवसायको आयव्यय हिसावमा वाँडफाँड गर्ने गरिएको छ ।

## ११. कर्जा लेखाङ्कन नीति

कम्पनीले प्रदान गरेको कर्जालाई असुली हुने पर्याप्त आधार सहित साँवा रकममा लेखाङ्कन गर्ने गरिएको छ ।

## १२. व्यवस्थापन खर्च वाँडफाँड नीति

वीमा समितिको निर्देशनको आधारमा व्यवस्थापन खर्चको १० प्रतिशत रकम नाफा नोक्सान हिसावमा खर्च देखाई वांकी ९० प्रतिशत रकमलाई सम्वन्धित वीमा व्यवसायको प्रत्यक्ष वीमाशुल्कमा अभिकर्ता कमिशन कट्टिगरि हुन आउने रकमलाई त्यस वीमा व्यवसायको भारमानी सवै वीमा व्यवसायको आय व्यय हिसावमा वाँडफाँड गर्ने गरिएको छ ।

## १३. बीमा दावी भुक्तानी खर्च लेखाङ्कन नीति

कम्पनीले दावीको लागत गणना गर्दा बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने रकम तथा सो दावी फछ्र्यौटको लागि आवश्यक परामर्श तथा अनुसन्धान खर्च समावेश गरी लेखाङ्कन गरिएको छ । तर बीमकको पदाधिकारी वा कर्मचारीले गरेको कामको पारिश्रमिक र अन्य खर्च बापतको रकम समावेश गरिएको छैन ।

## १४. बीमा दावी बापत दायित्व व्यवस्था लेखाङ्कन नीति

वीमा नियमावली, २०४९ को नियम १५ (घ) अनुसार सूचित दावीको अनुमानित दायित्वमा कम्पनीको अंश तथा श्रृजना भएको तर जानकारीमा नआएको (IBNR) व्यवस्था रकमको ११५ प्रतिशतले हुन आउने रकम व्यवस्था गरिएको छ । वीमा समितिको निर्देशन अनुरुप श्रृजना

भएको तर जानकारीमा नआएको (IBNR) मा सूचित दावीको अनुमानित दायित्वमा कम्पनीको अंशको ५ प्रतिशत व्यवस्था गर्ने गरिएको छ।

### १५. खुद नाफा वाँडफाँड नीति

वीमा समितिको निर्देशन अनुरुप नाफा नोक्सान हिसाववाट देखिएको खुद नाफाको ५० प्रतिशत रकमलाई सम्वन्धित वीमा व्यवसायको आय व्यय हिसावमा देखिएको वचत रकमलाई सो वीमा सम्वन्धि भार मानी सवै वीमा व्यवसायको वीमाकोषमा वाँडफाँड गर्ने गरिएको छ। साथै नोक्सान भएको वीमा व्यवसायको हकमा सोको भार सुन्य मानि नाफा भएको वीमा व्यवसायमा मात्र नाफा वाँडफाँड गर्ने गरिएको छ।

### १६. कर्मचारी उपदान तथा विदा बापत व्यवस्था नीति :

कर्मचारीको उपदान तथा विदा बापत व्यवस्था प्रोदभाविको (Accrual) आधारमा लेखाङ्कन गरि नागरिक लगानी कोषमा लगानी गरिएको छ।

### १७. शंकास्पद आसामी व्यवस्था नीति

पुनर्विमकहरुवाट व्यालेन्स कन्फरमेसन प्राप्त नभएको लिन पर्ने हिसाब शत प्रतिशतको हिसाबले शंकास्पद आसामी व्यवस्था गरिएको छ।

### १८. अपलेखन खर्च लेखाङ्कन नीति

प्रारम्भिक तथा पूर्व सञ्चालन खर्चहरुलाई कम्पनी संचालन भएकै बर्षमा खर्च लेख्ने गरिएको छ।

### १९. विगत वर्ष सम्वन्धी खर्चहरू

विगत वर्ष सम्वन्धी खर्चहरु नाफा नोक्सान वाँडफाँड हिसावमा देखाउने गरिएको छ।

अनुसूची-२६

# वित्तीय विवरणसंग सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरु

## १. सम्भावित दायित्वहरू

अ) चुँक्ता वा भुक्तानी हुन बाँकी लगानी - छैन ।

आ) प्रत्याभूति प्रतिबद्धता (Underwriting Commitments) - छैन ।

इ) बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको - छैन ।

ई) बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी - छैन ।

उ) अन्य दायित्व - ठुला करदाता कार्यालयको आथिक बर्ष २०६४/०६५ को अन्तिम कर निर्धारण बमोजिम रु.३८,८२,००६ को सम्भाबित दायित्वको लागि पुरा रकम व्यवस्था गरिएको छ ।

## २. भुक्तानी गर्न बाँकी दावी बापत दायित्व मूल्याङ्कन गर्दा अवलम्बन गरेको आधारहरू

वीमा नियमावली, २०४९ को नियम १५(घ) को व्यवस्था अनुरुप सूचित गरिएको दावीको अनुमानित दायित्वमा कम्पनीको अंशको ११५ प्रतिशतले हुन आउने रकम दावी वापत व्यवस्था गरिएको छ । सो व्यवस्थामा श्रृजना भएको तर जानकारीमा नआएका (IBNR) बीमा दावी समेतको व्यवस्था समावेश छ ।

## ३. बीमकको सम्पत्तिमा आएको सीमितता तथा विवादहरू

- छैन ।

## ४. कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि गरिएको प्रतिबद्धता - छैन ।

## ५. लगानीसंग सम्बन्धित देहायका खरिद बिक्री सम्फौताहरूको मूल्य

अ) खरिद गरिएको सम्पत्तिको स्वामित्व प्राप्त नभएको - छैन ।

आ) बिक्री गरिएको सम्पत्तिको भुक्तानी प्राप्त नभएको - छैन ।

## ६. यस आर्थिक वर्षभरी गरिएको लगानी तथा विकि फिर्ता लिएको विवरण यसप्रकार छन् ।

### (क) यस वर्षभरिको थप लगानी यसप्रकार छन् ।

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| वाणिज्य वैंकहरुको मुद्दती निक्षेप | ४०,३००,००० | ८,१२,००,००० |
| विकाश वैंकहरुको मुद्दती निक्षेप | ३०,००,००० | १,५७,००,००० |
| वित्त कम्पनीहरुको मुद्दती निक्षेप | - | १,०३,००,००० |
| राष्ट्रिय वचत पत्रमा लगानी | ३,५२,९८,००० | २,००,००,००० |
| नागरीक लगानी कोष (उपदान कोष) | २५,४०,८१७ | ५३,५८,८७६, |
| पब्लिक लिमिटेड कं. को शेयर (जनता बैंक लि.) | १३,५५,२०० | - |
| **जम्मा** | ८,२४,९४,०१७ | १३,२५,५८,८७६ |

### (ख) बिक्री/फिर्ता लिएको लगानीको विवरण यसप्रकार छन्ः

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| वाणिज्य वैंकहरुको मुद्दती निक्षेप | १५,७२,००,००० | १३,०२,००,००० |
| विकास वैंकहरुको मुद्दती निक्षेप | ३,७५,००,००० | १,८२,००,००० |
| वित्त कम्पनीहरुको मुद्दती निक्षेप | २,१२,५०,००० | १,४४,००,००० |
| **जम्मा** | २१,५९,५०,००० | १६,२८,००,००० |

## ७. बैंक मौज्दात हिसाब सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाको हिसाब मिलान स्टेटमेन्ट सहितको व्यहोरा

सम्बन्धित बैंक र बित्तिय संस्थासंग हिसाब मिलान गरिएको छ । सवै बैंक तथा वित्तिय संस्थाहरुवाट प्राप्त स्टेटमेन्टको आधारमा हिसाव मिलान (RECONCILIATION) गरिएका छन् ।

## ८. संकास्पद आसामी व्यवस्था

(क) बीमक/पुनर्बीमकसंग लिनु दिनु बाँकी हिसाब सम्बन्धमा सम्बन्धित बीमक/पुनर्बीमकको समर्थन सहितको हिसाब मिलान प्राप्त छ । समर्थन प्राप्त हुन बाँकीको हकमा व्यवस्था गरिएको छ । हवाई बीमा अन्तर्गत Aviation Assets Management Co. Ltd, मार्फत पूनर्विमक Northern and Western Insurance Co. Ltd (NWIC) संग पूनर्विमा भएको मा पूनर्विमकले गैर कानूनी जिकिर गरि सोधभर्ना दिन ईन्कार गरेको उपरमा असुलीको लागि आवश्यक कानूनी कारवाही अगाडि वढाई सकेकोमा हाल बिचारधिनमा रहेको छ । साथै सोहि दावी अन्तर्गत पूनर्विमा ब्रोकर AON Global Insurance Brokers Pvt. Ltd, India को हिस्सा दावी कम्पनीलाई सोधभर्ना प्राप्त भईसकेको छ । कानूनी कारवाहीको निर्णय पश्चात् कम्पनीको पक्षमा निर्णय नभएको अवस्थामा पनि आर्थिक अवस्था मजवुत कायम राख्न वर्षको अन्तमा NWIC वाट प्राप्त हुन वांकी रु. १६,१३,०३,६४७ मध्ये गत बर्षको रु. ६,६६,२२,२९४ कट्टा गरी बांकी रु. ९,४६,८१,३५३ को पुरै रकम खराव आसामी व्यवस्था गरिएको छ । कानूनी कार्यवाहीको निर्णय पश्चात् सोही अनुसार हिसाव मिलान गरिने छ ।

(ख) नेपाल राष्ट्र वैकबाट संकटग्रस्त वा सिघ्र सुधारात्मक कार्यबाहीको विभिन्न सुचना जारी गरिएको एक बित्तिय सस्थामा रहेको निक्षेप रु.२८,७४,३०० गत बर्ष सम्भाव्य जोखिम वापत व्यवस्था गरिएकोमा यस बर्ष रु.६२,२३२ व्यवस्था फिर्ता गरिएको छ ।

## ९. कम्पनीले गरेको लगानी वीमा समितिले तोकिएको क्षेत्र भित्र रहेका छन् । वीमा समितिको निर्देशन अनुसार नेपाल सरकारको वचतपत्र तथा ऋणपत्रमा लगानी क्रमशः थप गरिएको छ ।

१०. कम्पनीको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग भएको कारोबार

कम्पनीको संचालक वा संचालकसंग सम्वन्धित व्यक्ति वा संस्थालाई वीमालेख जारी गरिएकोमा यस बर्ष रु.३५,४९,११८ (गत वर्ष रु.२७,०७,८३४) विमाशुल्क प्राप्त भएको छ तथा यस बर्ष रु.८,२५,००८ (गत वर्ष रु. १,९६,५८१) दावी भुक्तानी गरिएको छ ।

११. कम्पनीले आफ्नो सम्पत्तिको सुरक्षणमा लिएको ऋणको धितो, शर्त तथा औचित्य

यस बर्षको अन्त्यमा कुनै तिर्न बांकि ऋण नरहेको ।

१२. कम्पनीले कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको आ. व. तथा त्यस्तो चुक्ता प्रमाणपत्र प्राप्त हुन बाँकी आ.व. र सो सम्बन्धी विवरणका साथै अघिल्लो आ.व.हरूको कर जरिवाना ब्याज बापत दावी परेको र यस आ.व.मा भुक्तानी भएको रकम

आर्थिक वर्ष २०६१।६२ सम्म र २०६५।६६ को आयकर फर्छ्यौट भईसकेको छ। आर्थिक वर्ष २०६२।६३ र २०६३।६४ को सम्बन्धमा आर्थिक बिधेयक २०६४ दफा २७को विशेष व्यवस्था अनुसार असमाप्त जोखिम र सुचित गरिएको दाबी बाँकी व्यवस्थाको खर्च मान्यताको लागि पुनः कर निर्धारण आदेश हुन ठुला करदाता कार्यालयमा आवश्यक निर्णयको लागि अनुरोध गरिएको छ ।

ठुला करदाता कार्यालयले आ.ब. ०६४।६५ को अन्तिम कर निर्धारण गर्दा आ. व. २०६२।६३ देखिको असमाप्त जोखिम कोष र सुचित गरिएको दाबी बाँकी व्यवस्थालाई हिसाव मिलान नगर्दा कम्पनीलाई पर्न गएको थप आयकर दायित्व रु. ३८,८२,००६ उपर कम्पनीलाई चित्त नबुझी राजश्व न्यायधिकरणमा पुनरावलोकनको लागि निवेदन दिएकोमा यस बर्ष सो रकम समेत आयकर व्यवस्थामा थप गरिएको छ ।

आ. ब. २०६५।६६ को अन्तिम कर निर्धारण आदेश बमोजिम नपुग कर तथा शुल्क रु.७,१४,०८३ खर्च व्यवस्था गरिएको छ ।

१३. फिर्ता गरेको बीमाशुल्कको परिमाण र कारण

यस बर्षमा रु. ७४,८०,६१७ (गत बर्ष रु. १,८७,३०,५२३) बराबरको कुल विमाशूल्क फिर्ता गरिएको छ । विमाशूल्क फिर्ता गरेको कारणहरु यसप्रकार छन् ।

(क) विमितको अनुरोधमा विमांक रकम घटाएको ।
(ख) विमालेखमा वहन गरेको जोखिम हटाएको ।
(ग) भिषा नपाएको कारणले ट्राभल मेडिकल ईन्स्योरेन्सको विमालेख रद्द गरेको ।

१४. अपलेखन हुन बाँकी खर्च रु.१६,०९,४४८ अनुसूची २४ मा उल्लेख भए बमोजिम रहेको छ ।

१५. चुक्ता पूँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in advance), भुक्तानी प्राप्त हुन बाँकी (Call in arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिएका शेयरको विवरण

- छैन ।

१६. लिज होल्ड सम्पत्तिमा गत आर्थिक वर्षसम्म र यस आर्थिक वर्ष खर्च (Amortization) लेखिएको रकमको विवरण
- छैन ।

१७. वर्षभरिमा भएको वासलात बाहिरको कारोबारको विवरण
- छैन ।

१८. असमाप्त जोखिम व्यवस्था

निर्जीवन बीमा व्यवसायको खुद बीमा शुल्कको ५० प्रतिशत रकम असमाप्त जोखिम व्यवस्थामा सारिएको छ । गत वर्षको यस्तो व्यवस्थाको रकम यस वर्ष आम्दानी जनाइएको छ । तर सामुद्रिक बीमा तर्फ तीन वर्ष नाघेको रकम मात्र आम्दानी जनाउने गरिएको छ ।

१९. सम्बन्धित पक्षहरू संगको कारोबार (Related Party Transaction)

यस कम्पनीको उच्च व्यवस्थापनमा कार्यरत अध्यक्ष, प्रबन्ध संचालक र संचालकहरु यस प्रकार छन् :

| | | |
|---|---|---|
| राज कृष्ण श्रेष्ठ | - | अध्यक्ष |
| बिक्रम कृष्ण श्रेष्ठ | - | संचालक |
| बिजित कृष्ण श्रेष्ठ | - | संचालक |
| माधव दास श्रेष्ठ | - | संचालक |
| अजय रत्न स्थापित | - | संचालक |
| सन्नी श्रेष्ठ | - | संचालक |
| नुरा कुमारी शर्मा | - | संचालक |
| मंगल प्रसाद श्रेष्ठ | - | संचालक (स्वतन्त्र) |
| दशरथ लाल श्रेष्ठ | - | संचालक (स्वतन्त्र) |
| महेन्द्र कृष्ण श्रेष्ठ | - | प्रबन्ध संचालक |

मुख्य व्यवस्थापन पधाधिकारीहरूलाई प्रदान गरिएको पारिश्रामिक तथा सुविधहरूः

यस बर्ष प्रबन्ध संचालकलाई बोनस सहित रु.३४,२९,९५३ (गत बर्ष रु. ३७,८७,२४९ ) भुक्तानी गरेको छ। उपरोक्त वाहेक नियुक्तीको शर्त बमोजिम निजलाई सवारी साधन तथा अन्य सुबिधाहरु कम्पनीले प्रदान गरेको छ ।

## मुख्य व्यवस्थापनका पधाधिकारीसंग भएको कारोबार

कम्पनी तथा मुख्य व्यवस्थापनका पधाधिकारीहरु विच भएको कारोबारको निमित्त यस बर्ष निम्न खर्चहरु भुक्तानी गरिएको छ ।

रकम रु. मा

| कारोवारको किसिम | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ताको भुक्तानी | ३,८५,५०० | ५,३०,५०० |
| अन्य खर्च तथा सुविधा | ९३,००० | १,२५,००० |

बुदा नं. १० मा उल्लेख भएका कारोबार बाहेक अन्य कुनै प्रकारको कारोबार नभएको ।

## २०. बीमा सेवा शुल्क

कुल बीमा शुल्कको १ प्रतिशत सेवा शुल्क वापत बीमा समितिलाई भुक्तानी गर्ने गरी लेखाङ्कन गरिएको छ । सो शुल्क वापत पुनर्बीमकबाट अशुली भएको कट्टा गरी बाँकी प्रत्येक बीमा आय व्यय हिसाबमा खर्च लेखाङ्कन गरिएको छ ।

## २१. कर्मचारी आवास सुविधा

कर्मचारी आवास सुविधा वापत रकम छुट्टाइएको छैन ।

## २२. चुक्ता पूँजीमा भएको परिवर्तन

| आर्थिक वर्ष | अधिकृत पूंजि रु | जारी पूंजि रु. | चुक्ता पूंजि रु. | कैफियत |
|---|---|---|---|---|
| २०५०/०५१ | ८,००,००,००० | ३,००,००,००० | ३,००,००,००० | |
| २०६४/०६५ | १६,००,००,००० | १२,००,००,००० | ६,३०,००,००० | ११०% ले वोनस शेयर थप भएको |
| २०६५/०६६ | १६,००,००,००० | १२,००,००,००० | १०,०८,००,००० | ६०% हकप्रद शेयर जारी भएको |

## २३. कर्मचारी वोनस व्यवस्था

यस आर्थिक वर्ष कर अघिको खुद नाफा ऋणात्मक भएकोले यस बर्ष कर्मचारी बोनस व्यवस्था गरिएको छैन ।

## २४. Profit Commission

पूनर्विमकवाट नगद वा कनफर्मेसन प्राप्त भएपछि Profit Commission आम्दानी वाध्ने गरिएको छ । यस आर्थिक वर्ष Profit Commission वापत कुनै रकम प्राप्त भएको छैन ।

## २५. स्थगन कर (Deferred Tax)

स्थगन कर सम्पत्ति र दायित्वको गणना आषाढ ३१, २०६९ को विवरण निम्नानुसार रहेको छ :

### स्थगन कर सम्पत्ति (दायित्व)

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| **स्थगन कर सम्पत्ति** (Deferred Tax Assets) | | |
| स्थिर सम्पत्ति | | |
| उपदान व्यवस्था | ५६,८०,३२१ | ५०,२५,०९१ |
| विदा वापत व्यवस्था | ८,४२,८६५ | ७,३५,८५० |
| सृजना भएको तर जानकारीमा नआएको दावीको (IBNR) व्यवस्था | १३,१७,१७५ | ११,०५,०८१ |
| शंकास्पद आसामीको व्यवस्था | - | २,१४,५६,२१० |
| **जम्मा स्थगन कर सम्पत्ति** (Deferred Tax Assets) | ७८,४०,३६१ | ८३,२२,२३२ |
| **स्थगन कर सम्पत्ति** (Deferred Tax Liabilities) | | |
| स्थिर सम्पत्तिमा | ८०,३१९ | २,१५,८४४ |
| विकाश ऋणपत्रमा प्रिमियम | ८,४२,८३४ | - |
| **जम्मा स्थगन कर सम्पत्ति** (Deferred Tax Liabilities) | ५,६३,१५३ | २,१५,८४४ |
| **खुद स्थगन कर सम्पत्ति** | ७२,७७,२०८ | २,८१,०६,३८८ |

शंकास्पद आसामी वापत व्यवस्था गरेको रकममा पनि स्थगन कर सम्पत्ति हिसाब गर्ने गरी राखेकोमा यस वर्ष स्थगन कर सम्पत्ती हिसाब गरिएको छैन । अत : गत वर्षको स्थगन कर सम्पत्ती र स्थगन कर जगेडाबाट रु.२,०८,२९,१८० यस वर्ष समायोजन गरिएको छ ।

## २६. महाविपत्ति जगेडा कोष

कम्पनीले महाविपत्तीको लागि पुनर्विमा गर्ने व्यवस्था गरिएको छ । महाविपत्ति जगेडा कोषमा आ.ब. २०६८।६९ को आषाढ मसान्तमा रु.३० लाख जम्मा भएको छ ।

## २७. पैसालाई निकट्म रूपैयांमा परीणत गरी देखाइएको छ ।

## २८. गत आर्थिक वर्षको अङ्कलाई आवश्यकता अनुसार पुनः वर्गिकरण गरिएको छ ।

## २९. वित्तिय विवरणको स्विकृति

बीमा समितिको स्विकृत पश्चात् वित्तिय विवरण प्रकाशानार्थ योग्य हुनेछ ।

## प्रमुख सुचाङ्कहरु

अनुसूची - २७

| क्र. सं. | विवरण | सूचाङ्क | आ.ब. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६८/६९ |
| १ | नेट वर्थ | रु. | १००,९८४,२२३ | १५१,९६७,१०९ | १७१,३३१,६३३ | १८२,५१४,४७६ | १२०,५४२,१४९ |
| २ | शेयर संख्या | संख्या | ६३०,००० | १,००८,००० | १,००८,००० | १,००८,००० | १,००८,००० |
| ३ | प्रति शेयर किताबी मूल्य | रु. | १६०.२९ | १५०.७६ | १६९.९७ | १८१.०७ | ११९.५९ |
| ४ | खुद नाफा | रु. | ६,६८४,८५८ | २४,४१९,६२९ | ३१,९६४,५२४ | ११,३५४,३०७ | (५४,६९५,११९) |
| ५ | प्रति शेयर आय (EPS) | रु. | १०.६१ | २४.२३ | ३१.७१ | ११.२६ | (५४.२६) |
| ६ | प्रति शेयर लाभांश (DPS) | रु. | ५.२६ | १०.०० | १२.५० | ० | ० |
| ७ | प्रति शेयर बजार मूल्य (MPPS) | रु. | ३४५ | २८५ | २३४ | २०० | १९७ |
| ८ | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | ३२.५१ | ११.७६ | ७.३८ | १७.७६ | (३.६३) |
| ९ | खुद बीमाशूल्क/कुल बीमाशुल्क | प्रतिशत | २७.७६ | ३२.३९ | ३४.२१ | ३३.१५ | ३२.६२ |
| १० | खुद नाफा/कूल बीमाशुल्क | प्रतिशत | २.०८ | ६.३५ | ६.०० | २.०७ | (९.१९) |
| ११ | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | १५१.०५ | ११०.२७ | ११२.७४ | १००.६१ | ७७.६७ |
| १२ | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | ५.४५ | ५.०२ | ६.८० | ११.०९ | १०.२५ |
| १३ | पुनर्वीमा कमिशन आय/कुल पुनर्बीमाशुल्क | प्रतिशत | १४.५७ | १८.८३ | १५.७७ | १६.४० | १४.२४ |
| १४ | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | ९.३९ | ९.९५ | ८.५१ | ९.०० | ९.०९ |
| १५ | बीमा अभिकर्ता सम्बन्धि खर्च/कुल बीमाशुल्क | प्रतिशत | ५.३२ | ५.९७ | ४.२९ | ३.७९ | ३.७५ |
| १६ | बीमा अभिकर्ता संख्या | संख्या | ७३ | ८४ | १०३ | १०२ | १०२ |
| १७ | कर्मचारी संख्या | संख्या | ७५ | ८० | ९१ | ९४ | ९३ |
| १८ | कार्यालयको संख्या | संख्या | ७ | ७ | ७ | ७ | ७ |
| १९ | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | ५५ | ५४.९८ | ५९.०९ | ५६.९६ | ५१.९२ |
| २० | कर्मचारी खर्च/कर्मचारी संख्या | रु. | २२४,८९० | २६२,६९५ | २९४,१६५ | २९९,३६८ | ३०२,१४१ |
| २१ | भुक्तानी हुन बांकी दावी रकम/ भुक्तानी भएको दावी रकम | प्रतिशत | ३३.४२ | ६०.७६ | ६१.४४ | ६८.२५ | ९५.५१ |
| २२ | भुक्तानी हुन बांकी दावीको संख्या/ यस बर्ष भुक्तानी भएको दावीको संख्या | प्रतिशत | ६.१७ | ८.९४ | ९.९९ | ८.२६ | ७.७९ |
| २३ | कुल कायम रहेको बीमालेखको संख्या | संख्यामा | १८४०९ | २४८६४ | ४१०४७ | ३९६५४ | ३८११३ |
| २४ | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/ गत वर्ष कायम रहेको बीमालेखको संख्या | प्रतिशत | २८.२६ | ४१.४७ | ४०.९३ | २९.४२ | ३५.५० |
| २५ | दावी परेको बीमालेखको संख्या/कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | ७.०५ | १० | १९.९६ | २६.६४ | २४.६१ |
| २६ | सोल्भेन्सी मार्जिन | प्रतिशत | | | | | |

## बीमाङ्कको विवरण

अनुसूची-२८

रु. हजारमा

| क्र.सं. | बीमाको किसिम | कायम रहेको बीमालेखको संख्या | | कायम रहेको बीमालेख अन्तर्गत जम्मा बीमाङ्क | | पुनर्बीमकलाई जोखिम हस्तान्तरण गरिएको बीमाङ्क | | बीमकले खुद जोखिम धारण गरेको बीमाङ्क | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष |
| १ | अग्नि बीमा | २,५०९ | २,३१० | २८,१६७,६०२ | ३१,८३८,४४० | २०,८७६,७९७ | २३,६९२,२०६ | ७,२९०,८०५ | ८,१४६,२३४ |
| २ | सामुद्रिक बीमा | १,१३५ | १,०८४ | ९,०१४,५९४ | ५,०४२,२७० | ८,३७१,२०८ | ४,४५२,४६४ | ६४३,३८६ | ५८९,८०६ |
| ३ | हवाई बीमा | २ | २ | १,०७०,४०० | १५,७४१,००० | १,०६९,८६४ | १५,७३३,१३० | ५३६ | ७,८७१ |
| ४ | मोटर बीमा | ३०,०८९ | ३१,०४८ | ८,७१८,५४९ | ९,७५२,८९६ | ८६,५०० | - | ८,६३२,०४९ | ९,७५२,८९६ |
| ५ | ईन्जिनियरिङ्ग तथा ठेकेदार बीमा | ६५ | १०० | ९०६,३१५ | १९,२०९,२२३ | ७६०,७९४ | १८,८६६,५४४ | १४५,५२१ | ३४२,६७९ |
| ६ | विविध बीमा | ४,३१३ | ५,११० | ९१,७२९,३३२ | १३१,८१८,३१३ | ८९,३८५,७८७ | १२५,८९४,४७४ | २,३४३,५४५ | ५,९२३,८३९ |
| | **जम्मा** | ३८,११३ | ३९,६५४ | १३९,६०६,७९२ | २१३,४०२,१४२ | १२०,५५०,९५० | १८८,६३८,८१८ | १९,०५५,८४२ | २४,७६३,३२५ |

# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.

## आ. व.२०६४/६५ देखि आ. व. २०६८/६९ सम्मको

## तुलनात्मक वित्तीय संक्षिप्त विवरण

रु. हजारमा

| | २०६४।६५ | २०६५।६६ | २०६६।६७ | २०६७।६८ | २०६८।६९ |
|---|---|---|---|---|---|
| **वासलात** | | | | | |
| **श्रोत :** | | | | | |
| **चूक्ता पुँजी** | ६३,००० | १००,८०० | १००,८०० | १००,८०० | १००,८०० |
| **जगेडा तथा कोष** | ३३,६४२ | ३३,६१५ | ३८,९१२ | ५०,०९५ | (४,६००) |
| साधारण जगेडा | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० |
| पूंजिगत जगेडा | | | | | |
| विशेष जगेडा | | | | | |
| अन्य जगेडा | | | | | |
| शेयर प्रिमियम | | | | | |
| प्रस्ताबित बोनस | | | | | |
| स्थगन कर जगेडा | | | ५,८३१ | २८,१०६ | ७,२७७ |
| नाफा-नोक्सान हिसाब बाट सारेको | ३,६४२ | ३,६१५ | ३,०८१ | (८,०११) | (४१,८७७) |
| **बीमा कोष** | ३,३४२ | १५,५५२ | २८,६१९ | २८,६१९ | २८,६१९ |
| **महा बिपत्ति जगेडा** | १,००० | २,००० | ३,००० | ३,००० | ३,००० |
| **तिर्न वांकी दिर्धकालिन ऋण तथा सापटी** | ० | ० | ० | ० | ० |
| **कूल श्रोत** | १००,९८४ | १५१,९६७ | १७१,३३१ | १८२,५१४ | १२७,८१९ |
| **उपयोग :** | | | | | |
| **स्थिर सम्पत्ति (खुद)** | ४५,१३२ | ४४,००६ | ४१,४५१ | ४६,०५० | ४४,६४४ |
| **दीर्घकालिन लगानी** | १०४,७४१ | १७०,६९९ | २०३,४४३ | १२३,१७४ | १४४,०१८ |
| **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरुः (क)** | ८५,७७५ | १३३,५३६ | २२७,५३८ | ३८६,४५७ | ५१९,७८५ |
| नगद तथा बैक मौज्दात | २९३४७ | १४,६४४ | ११,५८५ | ३२,६४१ | ३५,६३४ |
| अल्पकालिन लगानी | २४४५० | ९५,३९८ | १७९,५८३ | २३२,८३७ | २७२,३०६ |
| कर्जा | | | | | |
| अन्य सम्पत्ती | ३१९७८ | २३,४९४ | ३६,३७० | १२०,९७९ | २१०,२३६ |
| अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ० | ० | ० | ० | १,६०९ |
| **चालु दायित्व तथा व्यवस्थाहरु : (ख)** | १३४,६६४ | १९६,२७४ | ३०१,१०१ | ३७३,१६७ | ५८०,६२८ |
| अन्य चालु दायित्व | ४३,३०३ | ६१,०९२ | ८६,१०४ | ८५,५८१ | १६८,७६० |
| असमाप्त जोखिम व्यवस्था | ४६,५८८ | ६३,०५४ | ९२,१०० | ९२,१११ | ९८,२७९ |
| भुक्तानी हुन बांकी दावी व्यवस्था | १५,७५१ | ३२,३०९ | ६८,०२७ | ७७,३५६ | ९२,२०२ |
| अन्य व्यवस्था | २९,०२२ | ३९,८१९ | ५४,८७० | ११८,११९ | २२१,३८७ |
| **खुद चालु सम्पत्ती (ग)=(क) - (ख)** | (४८८८९) | (६२,७३८) | (७३,५६३) | १३,२९० | (६०,८४३) |
| **कुल उपयोग** | १,००,९८४ | १५१,९६७ | १७१,३३१ | १८२,५१४ | १२७,८१९ |
| **वार्षिक** | | | | | |
| कुल प्रिमियम | ३,२९,१९६ | ३८४,००४ | ५३२,६२३ | ५४८,९९३ | ५९५,१४४ |
| खुद प्रिमियम | ९१,३७१ | १२४,३६४ | १८२,२२१ | १८२,००० | १९४,१५४ |
| कुल दावी भूक्तानी | ७५,६७१ | ९१,०९५ | १५८,६९० | ४०५,१२३ | ४११,११० |
| खुद दावी भूक्तानी | ४७,१३५ | ५३,१७७ | ७४,६२५ | ११३,३३८ | ९६,५३६ |
| खुद दावी खर्च | ५२,३५४ | ६९,७३६ | ११०,३४४ | १२२,६६७ | १११,३८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवस्थापन खर्च बीमा आय सम्बन्धि | २७,८१३ | ३४,४०२ | ४०,७७३ | ४४,४६६ | ४८,७०५ |
| बीमा व्यवसायमा बचत | १७,३२६ | ३३,५१८ | ४४,४८० | ७२,६२३ | ८५,२९१ |
| ब्याज आम्दानी | ६,८४४ | १३,३६८ | २५,१७८ | ३८,६०३ | ४२,४१९ |
| विविध आम्दानी | १,०६६ | ८५१ | ८७१ | ८६२ | २५० |
| खुद नाफा (करअघि) | १२,०७८ | ३२,०७५ | ४५,६६९ | १४,६४९ | (३६३) |
| आयकर व्यवस्था (बिशेष शुल्क समेत) | ५,३९३ | ७,६५५ | १३,७०४ | ३,४६६ | ५४,३३२ |
| मूनाफा (आयकर पछि) | ६,६८५ | २४,४२० | ३१,९६५ | ११,१८३ | (५४,६९५) |
| **प्रति शेयर** | रु. | रु. | रु. | रु. | रु. |
| खुद मूनाफा | १०.६१ | २४.२३ | ३१.७१ | ११.२६ | (५४.२६) |
| किताबी मूल्य | १६०.२९ | १५०.७६ | १६९.९७ | १८१.०७ | ११९.५९ |
| लाभांश | ५.२६ | १० | १२.५० | ०.०० | ०.०० |

| | २०६४।६५ | २०६५।६६ | २०६६।६७ | २०६७।६८ | २०६८।६९ |
|---|---|---|---|---|---|
| मुख्य अनुपात (key ratio) | % | % | % | % | % |
| वार्षिक कुल प्रिमियम वृद्धि (न्यून) | ५१ | १६.६५ | ३८.७० | ३.०० | ८.४१ |
| वार्षिक खुद प्रिमियम वृद्धि | ३१.३८ | ३६.३० | ४६.५२ | (०.१२) | ६.६८ |
| खुद दावी भूक्तानी (खुद प्रिमियमको प्रतिशतमा) | ५१.५९ | ४२.७० | ४०.९५ | ६२.२७ | ४९.७२ |
| दावी बाँकी थप घट (खुद प्रिमियमको प्रतिशतमा) | ५.७१ | १३.३७ | १९.६१ | ५.१३ | ७.६५ |
| खुद दावी खर्च ( खुद प्रिमियमको प्रतिशतमा) | ५७.३ | ५६.०७ | ६०.५६ | ६२.२७ | ४९.७२ |
| **कर्मचारी संख्या** | ७५ | ८० | ९१ | ९४ | ९३ |
| व्यवसायगत | | | | | |
| अग्नि प्रिमियम | ६३,६३१ | ७५,४०३ | ७२,९५५ | ६१,२१८ | ६९,८१३ |
| सामुद्रिक प्रिमियम | ६,३०८ | ७,५१६ | ९,३५८ | ९,९२५ | १५,६८४ |
| मोटर प्रिमियम | ७१,७५४ | ९८,६८२ | १६९,६१२ | १५८,१४२ | १६४,४५२ |
| ठेकेदार, इन्जिनियरीङ प्रिमियम | १८,८०६ | २७,०२३ | १३,२२१ | २५,७६४ | ४७,८११ |
| हवाई प्रिमियम | २५,७२० | ७,०७४ | ८३,९०६ | ८१,१७४ | ६७,३७७ |
| विविध प्रिमियम | १,४२,९७७ | १६८,३०६ | १८३,५७० | २१२,७७० | २३०,००७ |
| कुल प्रिमियम | ३,२९,१९६ | ३८४,००४ | ५३२,६२२ | ५४८,९९३ | ५९५,१४४ |
| **व्यवसायगत बचत** | | | | | |
| अग्नि | २,२६७ | १७,३९२ | १६,५४५ | २१,५४८ | १८,०६५ |
| सामुद्रिक | ४९७ | १,३८४ | १,०८६ | २,५३४ | २,७८१ |
| मोटर | १३,१२१ | ११,५७१ | १६,७९९ | ५१,४०५ | ५३,५९१ |
| ठेकेदार, इन्जिनियरीङ | (१७९) | १,२७६ | १,१७५ | ८८१ | २,६०० |
| हवाई | (९६१) | ३२६ | १,०५० | (८,७८५) | (६९३) |
| विविध | २,५८१ | १,६६८ | ७,८२५ | ५,०४० | ८,९४६ |
| **कुल बचत** | १७,३२६ | ३३,६१७ | ४४,४८० | ७२,६२३ | ८५,२९० |

## आर्थिक वर्ष २०६८/२०६९




## आर्थिक वर्ष २०६७/२०६८






## गत पाँच बर्षको कुल प्रिमियम, लगानी, पुनर्वीमा, खुद प्रिमियम र मुनाफा (आयकर पछिको)




## गत पाँच बर्षको व्यवसायगत बीमा प्रिमियम

बीमा समिति

BEEMA SAMITI

CHABAHIL, KA. MA, PA.-7
P.O. BOXNO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

मिति :२०६९/१२२२

वि.वि.शा.४३९(२०६९/७०) च.नं. ४०३१

श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड,
बबरमहल, काठमाण्डौ ।

विषय : आ.व.०६८/६९ को वित्तीय विवरण स-शर्त स्वीकृति बारे ।

यस समितिमा प्राप्त तहाँको मिति २०६९/११/११ समेतको पत्र सम्बन्धमा लेखिंदैछ ।

बीमकको वित्तीय विवरण प्रतिको उत्तरदायित्व बीमकमा रहेको सर्वविदितै छ । लेखा परीक्षण भई समितिको स्वीकृतिको लागि पेश हुन आएको तहाँको आ.ब. २०६८/६९ को वित्तीय विवरण सम्बन्धमा देहाय बमोजिमका शर्तहरु सहित स्वीकृत गरिएको व्यहोरा निर्णयानुसार आवश्यक कार्यार्थ जानकारी गराइन्छ ।

१) आ.ब. २०७० साल आषाढ मसान्तसम्ममा कम्तिमा रु. २५ करोड चुक्ता पूँजी पुऱ्याउनु हुन ।
२) समितिले जारी गरेको बीमकको संस्थागत सु-शासन सम्बन्धी निर्देशिका, २०६९ को पूर्ण पालना गर्नु हुन ।
३) बीमकले पूनर्बीमकको छनौट गर्दा पूँजी, ख्याती, क्षमता र अनुभवलाई मध्यनजर नगरी पूनर्बीमा व्यवसाय गर्दा ठूलो नोक्सानी व्यहोर्नु परेकोले, बीमकको व्यवस्थापन समूह सचेत रहि, अब आइन्दा कम्पनीको सर्वोपरी हितलाई ध्यानमा राखी पूनर्बीमा व्यवसाय गर्नु हुन ।
४) समितिले जारी गरेको लगानी सम्बन्धी निर्देशनको परिधि भित्र रहि लगानी गर्नु हुन ।
५) मोटर बीमादर सम्बन्धी निर्देशिकाको प्रतिकूल हुने गरी बीमा व्यवसाय गरेको तर्फ बीमक सचेत रहनु हुन ।
६) वित्तीय विवरण स्वीकृति भएको मितिबाट ६० दिन भित्र बार्षिक साधारण सभा गर्नु हुन ।
७) लेखा परिक्षकले औंल्याईएको अन्य कैफियतहरु सुधार गर्नु हुन ।

(सन्तोष प्रसाई)
चार्टर्ड एकाउन्टेन्ट

यस कम्पनीको आर्थिक वर्ष २०६८/६९ को वित्तिय विवरण उन्नाईसौ वार्षिक साधारण सभा प्रयोजनको लागि प्रकाशन गर्न श्री वीमा समितिवाट स्वीकृति प्रदान गर्दा जारीगरेको शर्तहरुको सवन्धमा संचालक समितिवाट देहाय वमोजिमको प्रत्युत्तर पारित गर्ने र सो प्रत्युत्तर उन्नाईसौ वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशन गर्ने तथा वीमा समितिमा समेत पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

१. आ. व. २०७० आषाढ मसान्तसम्ममा कम्तीमा रु.२५ (पच्चिस) करोड चुक्ता पूंजी पुऱ्याउनु हुन ।

**प्रत्युत्तरः** समितिको निर्देशन अनुसार उन्नाईसौ वार्षिक साधारण सभामा चुक्ता पूंजी रु.२५ करोड पुऱ्याउन विशेष प्रस्ताव पेश गरिने छ । वार्षिक साधारण सभाको स्वीकृती पश्चात् कानून वमोजिम चुक्ता पूंजी वृद्धिको लागि प्रक्रिया अघिवढाईने छ ।

२. समितिले जारी गरेको वीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०६९ को पूर्ण पालना गर्नु हुन ।

**प्रत्युत्तरः** समितिले जारी गरेको वीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०६९ को पूर्ण पालना गरिने छ ।

३. वीमकले पूनर्विमकको छनौट गर्दा पूंजी, ख्याती, क्षमता र अनुभवलाई मध्यनजर नगरी पूनर्विमा व्यवसाय गर्दा ठूलो नोक्सानी व्यहोर्नु परेकोले, वीमकको व्यवस्थापन समूह सचेत रहि, अव आईन्दा कम्पनीको सर्वोपरी हितलाई ध्यानमा राखी पूनर्विमा व्यवसाय गर्नुहुन ।

**प्रत्युत्तरः** कम्पनीको सर्वोपरी हितलाई ध्यानमा राखी पूनर्विमकको छनौट गर्दा पूंजी, ख्याती, क्षमता र अनुभवलाई मध्यनजर गरी पूनर्विमकको छनौट गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

४. समितिले जारी गरेको लगानी सम्वन्धी निर्देशनको परिधि भित्र रहि लगानी गर्नु हुन ।

**प्रत्युत्तरः** कम्पनीको लगानीलाई वीमा समितिको लगानी सम्वन्धी निर्देशनको परिधि भित्र रहि लगानी गर्ने क्रममा नेपाल सरकारको ऋणपत्र तथा वचतपत्रमा लगानी थप गर्दै आईरहेको छ । नपुग सम्वन्धमा थप लगानी गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

५. मोटर वीमादर सम्वन्धी निर्देर्शिकाको प्रतिकूल हुने गरि वीमा व्यवसाय गरेको तर्फ वीमक सचेत रहनु हुन ।

**प्रत्युत्तरः** मोटर वीमादर सम्वन्धी निर्देर्शिकाको परिधि भित्र रहेर वीमा व्यवसाय गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

६. वित्तिय विवरण स्वीकृति भएको मितिवाट ६० दिन भित्र वार्षिक साधारण सभा गर्नु हुन ।

**प्रत्युत्तरः** वित्तिय विवरण स्वीकृति भएको मितिवाट ६० दिन भित्र वार्षिक साधारण सभा सम्पन्न गरिने छ ।

७. लेखापरीक्षकले औल्याईएको अन्य कैफियतहरु सुधार गर्नु हुन ।

**प्रत्युत्तरः** लेखापरीक्षकले औल्याईएको अन्य कैफियतहरु सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
# अठारौं वार्षिक साधारण सभाबाट कम्पनीको

### प्रबन्धपत्रमा संशोधन

१. दफा ५ को सट्टा देहाय बमोजिमको दफा ५ राखिएको छ । :
"५. कम्पनीको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ ।

(क) कम्पनीको अधिकृत पूँजी रु.५०००००००।(पचास करोड) हुनेछ। प्रति शेयर रु.१०० (एक सय) का दरले जम्मा ५००००००। (पचास लाख) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ ।

(ख) कम्पनीको जारी पूँजी रु.२५०००००००। (पच्चिस करोड) हुनेछ। प्रति शेयर रु.१०० (एक सय) का दरले जम्मा २५००००० (पच्चिस लाख) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ । साथै सम्बन्धित निकायको निर्देशन अन्तर्गत रहि चुक्ता पूँजी रु.२५०००००००। (पच्चिस करोड) सम्म पुऱ्याईनेछ ।"

### नियमावलीमा संसोधन

१. नियम ६ को सट्टा देहाय बमोजिम नियम ६ राखिएको छ :
"६" शेयर पूँजी :

(क) यस कम्पनीको शेयरको अंकित मूल्य रु.१०० (एक सय) हुनेछ ।

(ख) कम्पनीको अधिकृत पूँजी रु.५०००००००। (पचास करोड) हुनेछ । रु.२५०००००००। (पच्चिस करोड) जारी पूँजी हुनेछ । साथै सम्बन्धित निकायको निर्देशन अन्तर्गत रहि चुक्ता पूँजी रु.२५०००००००। (पच्चिस करोड) सम्म पुऱ्याईनेछ ।"

# नोट:

# Nepal Aviation Insurance Summit 2013
# Organized by Himalayan General Insurance









HEAD OFFICE
HGI House, Babar Mahal
GPO Box 148,
Kathmandu, Nepal
Tel: 977-1 4231788, 4213014
Fax: 977-1 4241517
Email: ktm@hgi.com.np

## BRANCHES

BIRGUNJ
Mahabir Sthan, Main Road
Tel: 051-525366
Email: brj@hgi.com.np

BABAR MAHAL
Babarmal, Kathmandu
Tel: 01-4231581
Email: durbarmarg@hgi.com.np

BIRATNAGAR
Sanimandir, Hanuman Das Road
Tel: 021-531848
Email: brt@hgi.com.np

BUTWAL
Milan Chowk, Rupandehi
Tel: 071-550543
Email: hgibtl@ntc.net.np

POKHARA
Rantapuri, Pardi
Tel: 061-462100
Email: pkrhgi@fewamail.com.np

LALITPUR
Ekantakuna, Lalitpur
Tel: 01-5001810
Email: ltp@hgi.com.np